# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० भदौ १ गते

*दोरम्बा हत्याकाण्डको ११ वर्षमा प्रवेश*

## मानवताविरुद्धका अपराधलाई कानुनी कारबाहीको दायरामा ल्याऊ

विसं २०६० साल साउन ३२ गते रामेछापको दोरम्बामा निहत्था र निर्दोष १९ नेपालीहरूको माओवादी भएको आशंकामा निर्ममतापूर्वक हत्या भएको १० वर्ष पूरा भएको छ । राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरमा समेत घोर भर्त्सना गरिएको उक्त घटना मानवता विरुद्धको गम्भीर अपराध थियो । उक्त हत्याकाण्डको विषयमा राष्ट्रिय मानव अधिकार आयोगले सर्वोच्च अदालतको पूर्वन्यायाधीश माननीय कृष्णजङ्ग रायमाझीको संयोजकत्वमा तत्काल छानबिन टोली गठन गरी त्यससम्बन्धी सत्यतथ्य जनसमक्ष सार्वजनिक गरेको कुरा आयोग स्मरण गराउन चाहन्छ । उक्त सुनियोजित हत्याकाण्डको पीडक पक्षलाई कानुनी कारवाही गर्न र पीडितहरूलाई राहत, परिपूरण र क्षतिपूर्तिको निम्ति आयोगले नेपाल सरकारलाई सिफारिस गरिसकेको छ । तर हत्याकाण्ड भएको ११ लाग्दा पनि पीडकलाई कानुनी कारबाही नहुनु र पीडितलाई उचित क्षतिपूर्ति प्रदान नगरिनु राज्यको तर्फबाट नागरिकप्रति गरिएको घोर अन्याय हो ।

यसबाहेक तात्कालीन राज्यपक्षबाट भएको धनुषाको गोदार हत्याकाण्ड, कालिकोटको कोटवाडा हत्याकाण्ड र डोटीको मुडभरा हत्याकाण्ड पनि त्यत्तिकै गम्भीर प्रकृतिको मानवता विरोधी अपराधको रूपमा लिन सकिन्छ । साथै तात्कालीन गैरराज्यपक्ष नेकपा (माओवादी) बाट गरिएका चितवनको माडी हत्याकाण्ड, नवलपरासीको वर्गदवा हत्याकाण्डलगायत सयौं व्यक्ति-हत्याको विषयमा पनि राष्ट्रिय मानव अधिकार आयोगले अनुसन्धान गरी पीडकलाई कानुनी कारबाही र पीडितलाई राहत, परिपूरण र क्षतिपूर्तिको निम्ति नेपाल सरकारलाई सिफारिस गरिएको छ । नेपाल सरकारबाट पछिल्लो चरणमा पीडितलाई प्रदान गरिने राहत, परिपूरण र क्षतिपूति प्रदानमा प्रगति भए पनि गम्भीर प्रकृतिका मानव अधिकार हनन्‌को घटनाका पीडकहरूलाई कानुनी कारबाही गर्ने दिशामा आनकारी गरेको छ । विधिको शासन मान्नेहरूका लागि यो नितान्त दुःखद पक्ष हो ।

विस्तृत शान्ति सम्झौता पछाडि बनेका सबै सरकारहरूले आयोगको सिफारिसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सार्वजनिक प्रतिबद्धता जाहेर गरे पनि व्यवहारमा पीडकहरूलाई कानुनी दायराभित्र ल्याई कारबाहीको प्रक्रिया अघि बढेको देखिन्न । अर्कोतिर, विस्तृत शान्ति सम्झौताअनुसार 'सत्य निरूपण तथा मेलमिलाप आयोग' गठन नहुनु अर्को दुःखद पक्ष हो । सशस्त्र द्वन्द्वकालीन गम्भीर प्रकृतिका मानव अधिकार हनन् र मानवता विरुद्धका अपराधहरूमा आयोगले गरेको स्वतन्त्र र निष्पक्ष छानबिन र सिफारिसहरूलाई व्यवहारमा प्रभावकारी कार्यान्वयन गर्नु नेपाल सरकारको जिम्मेवारी र कर्तव्य हो । देशमा मानव अधिकारको सम्मान र संरक्षण गर्न एवम् मौलाउँदै गएको दण्डहीनताको कुसंस्कार अन्त्य गर्नका लागि नेपाल सरकारलाई गरेको सिफारिस, आदेश र सुझावहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आयोग पुनः आह्वान गर्दछ ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव